# बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीका लागि प्रोत्साहन सम्बन्धी कार्यबिधि २०७८

(सुनापति गाउँकार्यपालिकाको मिति २०७८।०९।०५ गतेको बैठकको निर्णयबाट स्वीकृत)

**प्रस्तावनाः**

सुनापति गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी, बालविकास सहयोगी कार्यकर्ता र समुदायमा आधारित बालविकास केन्द्रमा कार्यरत बालविकास सहयोगी कार्यकर्ताहरुको पारिश्रमिकको सम्बन्धमा आ व २०७८।७९ को बजेट बक्तव्यमा नेपाल सरकारबाट बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको न्यूनतम पारिश्रमिक मासिक रु १५००० (अक्षरुपी पन्ध्र हजार) पुर्याउनुपर्ने त्यसका लागि सङ्घीय सरकार र स्थानीय सरकारको साझेदारीमा तलब भत्ता निकासा गर्नुपर्ने व्यवस्था भए बमोजिम सङघीय सरकारबाट प्राप्त हुने अनुदान रकम बाहेकको रकम गाउँपालिकाबाट थप रकम प्रोत्साहन स्वरुप थप गरी पारिश्रमिकलाई समयसापेक्ष बनाउँदै लैजान र उनीहरुलाई काम प्रति प्रेरित गर्न आवश्यक देखिएकोले सुनापति गाउँकार्यपालिकाले यो कार्यबिधि तयार गरी लागू गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम ***बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीका लागि प्रोत्साहन सम्बन्धी कार्यविधि २०७८*** रहेको छ।

ख) यो कार्यविधि सम्बत २०७८ श्रावण १ गतेबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **कार्यपालिका** भन्नाले सुनापति गाउँकार्यपालिकालाई सम्झनुपर्छ।

ख) **शिक्षा शाखा** भन्नाले सुनापति गाउँपालिकाको शिक्षा शाखालाई सम्झनुपर्छ।

ग) **विद्यालय** भन्नाले सुनापति गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरु सम्झनुपर्छ।

घ) **विद्यालय कर्मचारी** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ र सो शब्दले विद्यालय कर्मचारीको लागि नेपाल सरकारबाट नियमित अनुदान प्राप्त गर्ने वा सरकारी अनुदानबाट सेवा सुविधा प्राप्त गर्ने गाउँपालिकाको शिक्षा शाखाको अभिलेखमा रहेका विद्यालय सहयोगी र विद्यालय सहायक कर्मचारीलाई मात्र सम्झनुपर्छ।

ङ) **विद्यालय सहयोगी** सामुदायिक विद्यालयमा विद्यालय सहयोगी पदमा नियुक्त सरकारी अनुदानबाट सेवा सुविधा प्राप्त गर्ने गाउँपालिकाको शिक्षा शाखाको अभिलेखमा रहेका व्यक्तिलाई सम्झनुपर्छ।

च) **विद्यालय सहायक** भन्नाले सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय सहायक पदमा नियुक्त सरकारी अनुदानबाट सेवा सुविधा प्राप्त गर्ने गाउँपालिकाकव शिक्षा शाखाको अभिलेखमा रहेका व्यक्तिलाई सम्झनुपर्छ।

छ) **बालविकास सहयोगी कार्यकर्ता** भन्नाले गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहयोगी कार्यकर्तालाई जनाउँछ। सो शब्दले समुदायमा आधारित बालविकास केन्द्रमा कार्यरत बालविकास सहयोगी कार्यकर्तालाई समेत सम्झनुपर्छ।

ज) **प्रोत्साहन** भन्नाले सुनापति गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी बालविकास सहयोगी कार्यकर्ता र समुदायमा आधारित बालविकास केन्द्रमा कार्यरत बालविकास सहयोगी कार्यकर्ताहरुलाई सङ्घीय सरकारबाट उपलब्ध गराइने अनुदान बाहेक गाउँपालिकाबाट थप गरिएको पारिश्रमिक बापतको रकमलाई सम्झनुपर्छ।

## परिच्छेद–२

## प्रोत्साहन अनुदान सम्बन्धी व्यबस्था

### ३ प्रोत्साहन अनुदान दिन सकिनेः

प्रचलित शिक्षा ऐन तथा नियमावलीमा व्यबस्था भए बमोजिम सामुदायिक विद्यालयमा नियुक्त विद्यालय कर्मचारी र बालविकास सहयोगी कार्यकर्ता तथा समुदायमा आधारित बालविकास सहयोगी कार्यकर्ताहरुलाई देहाय बमोजिम प्रोत्साहन रकम अनुदान दिन सकिने छः

क) आधारभूत तह (कक्षा १–५) र (कक्षा १–८) सञ्चालित विद्यालयमा कार्यरत सम्पूर्ण सामुदायिक विद्यालयका विद्यालय सहयोगीका लागि संघीय सरकारबाट प्राप्त अनुदान रकममा प्रोत्साहन स्वरुप मासिक रु ७०००।० (अक्षरुपी सात हजार) थप गरी १२ महिना बराबर हुन आउने रकम र चाडपर्व खर्च बापत रु ७०००।० (अक्षरुपी सात हजार)

ख) माध्यमिक तह (कक्षा १–१०) र (कक्षा १–१२) सञ्चालित विद्यालयमा कार्यरत सम्पूर्ण सामुदायिक विद्यालयका विद्यालय सहयोगीका लागि संघीय सरकारबाट प्राप्त अनुदान रकममा प्रोत्साहन स्वरुप मासिक रु ७०००।० (अक्षरुपी सात हजार) थप गरी १२ महिना बराबर हुन आउने रकम र चाडपर्व खर्च बापत रु ७०००।० (अक्षरुपी सात हजार)

ग) माध्यमिक तह (कक्षा १–१०) र (कक्षा १–१२) सञ्चालित विद्यालयमा कार्यरत सम्पूर्ण सामुदायिक विद्यालयका विद्यालय सहायक लागि संघीय सरकारबाट प्राप्त अनुदान रकममा प्रोत्साहन स्वरुप मासिक रु

७०००।० (अक्षरुपी सात हजार) थप गरी १२ महिना बराबर हुन आउने रकम र चाडपर्व खर्च बापत रु ७०००।० (अक्षरुपी सात हजार)

घ) सामुदायिक विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रमा कार्यरत सम्पूर्ण बालविकास सहयोगी कार्यकर्ताका लागि सङ्घीय सरकारबाट प्राप्त अनुदान रकममा प्रोत्साहन स्वरुप मासिक रु ७०००।० (अक्षरुपी सात हजार) थप गरी १२ महिना बराबर हुन आउने रकम र चाडपर्व खर्च बापत रु ७०००।० (अक्षरुपी सात हजार)

**४. प्रोत्साहन रकम घटाउन वा रोक्का गर्न सकिनेः**

देहायको अवस्थामा विद्यालय कर्मचारी र बाल विकास सहयोगी कार्यकर्ताहरुको प्रोत्साहन बापतको रकम गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम घटाउन वा रोक्का गर्न सकिनेछः

क) अनुगमन सुपरीबेक्षणको क्रममा अनियमितता वा लापरबाही गरेको उचित वा पर्याप्त कारण फेला परेमा ।

ख) सङ्घीय वा प्रदेश सरकारबाट यस शीर्षकमा अनुदान थप भई आएमा ।

## परिच्छेद–३

## विविध

**५ अनुगमन मुल्याङ्कन  तथा प्रतिबेदन सम्बन्धी व्यवस्थाः**

विद्यालय कर्मचारी तथा बालविकास सहयोगी कार्यकर्ताको कामको अनुगमन प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा शाखाले गर्नेछ । सो सम्बन्धी अनुगमन प्रतिबेदन शाखाले गाउँपालिका पेश गर्नुपर्नेछ।

६ **थपघट वा हेरफेर गर्न सक्नेः**

क) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर गर्न सकिनेछ ।

ख) यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले

कमल राज श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत